# अबैध लागु औषध सहित दुई पक्राउ

सं.ख. संवाददाता
कलैया,१ ,चैत्र

प्रहरीले पर्साको बीरगञ्ज महानगरपालिका १६ स्थित सडक खण्ड बाट अबैध लागु औषध सहित दुई जनालाई पक्राउ गरेको छ ।पक्राउ पर्नेमा मकवानपुर हेटौडा उपमहानगरपालिका ९ बस्ने २६ बर्षिय कन्चन गोले , बारा जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २२ बस्ने ३१ बर्षिय सुभाष गुरुङ्ग रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

प्रहरी चौकी ईनर्वा र लागु औषध नियन्त्रण ब्युरो शाखा कार्यालय बीरगञ्ज बाट खट्एिको संयुक्त प्रहरी टोलीले रक्सौल बाट बीरगञ्ज तर्फ आउदै गरेको ना ४३ प ५४७ नम्बरको स्कुटरलाई चेकजांग गर्ने क्रममा उनीहरुलाई अबैध लागु औषध सहित पक्राउ गरेको हो । उनीहरुको साथ बाट अबैध लागु औषध वीनरेक्स २२ बोतल बरामद गरिएको प्रहरीले जनाएको छ । । उनलाई अबैध लागु औषध सहित पक्राउ गरी वडा प्रहरी कार्यालय विर्तामा र ाखिएको छ । उनीहरु माथि थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# सवारी ज्यान मुद्दाका एक फरार प्रतिवादी पक्राउ

सं.ख. संवाददाता
कलैया,१ ,चैत्र

प्रहरीले रौतहटको गरुडा नगरपालिका वडा नम्बर ४ गरुडा बजार बाट सवारी ज्यान (पेण्डिङ्ग) मुद्दाका एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा महागढीमाई नगरपालिका वडा नम्बर १० गञ्जभवानीपुर बस्ने ५४ वर्षीय अफताब आलम रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय गरुडा बाट खट्एिको प्रहरी टोलीले उनलाई गरुडा बजारमा घुमफिर गरिरहेको अवस्थामा पक्राउ गरेको हो । उनलाई पक्राउ गरी ई.प्र.का गरुडामा राखिएको छ ।उनी माथि थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# बैकिङ्ग कसुर मुद्दाका एक फरार प्रतिवादी पक्राउ

सं.ख. संवाददाता
कलैया,१ ,चैत्र

प्रहरीले रौतहटको गरुडा नगरपालिका वडा नम्बर ५ शिवनगर बाट बैकिङ्ग कसुर मुद्दाका एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय ३५ वर्षीय चिन्टु राय रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।ईलाका प्रहरी कार्यालय शिवनगर बाट खट्एिको प्रहरी टोलीले उनलाई आफनै गाउँ घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो ।उनलाई पक्राउ गरी थप अनुसनधानको लागि जि.प्र.का रौतहटमा पठाईएको छ ।

# एक महिनाको अवधीमा करोडौ रुपैया बराबरको अबैध माल सामान बरामद

सं.ख. संवाददाता
कलैया,१ ,चैत्र

पर्सा प्रहरीले एक महिनाको अवधीमा करोडौ रुपैया बराबरको अबैध माल सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार फागुन महिनामा मात्र बीरगञ्ज महानगरपालिकाको बिभिन्न स्थान बाट रू.३,३१,०२३२३।- ( तीन करोड एकतीस लाख दुई हजार तिन सय तेइस ) बराबरका सामान बरामद गरेको हो । भन्सार छली चोरी पैठारी गरी वीरगञ्ज भित्राउन लागेको चिनी, खाने तेल, चक्लेट, प्याज लगायतका खाद्यान्न मालबस्तुहरू, हार्डवेयर पार्टस, विभिन्न किसिमका कपडा, पेयपदार्थ कोल्ड ड्रिंक्स,जुत्ता चप्पल र भाडाकुडा लगायतका सामानहरू बरामद गरिएको प्रहरीले जनाएको छ ।बरामद गरिएको उक्त माल सामानलाई थप अनुसन्धान तथाआवश्यक कारवाहीको लागि वीरगञ्ज भन्सार कार्यालय र राजस्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको पर्सा प्रहरीले जनाएको छ ।यसैगरी प्रहरीले एक महिनाको अवधीमा पर्साको बिभिन्न स्थान बाट ९३ जना बिभिन्न मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ। भने फागुन महिनामा मात्र लागु औषधः-प्रतिबन्धित ट्याब्लेट-२५८५, गाँजा -१४ के.जी.,खैरो हिरोइन-२० ग्राम ९५ मि.ग्राम कोरेक्स-८ बोत्तल बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ ।

# भेडाबाख्रामा पिपिआर रोकथाम गर्न अभियान

राष्ट्रिय समाचार समिति (रासस) जनकपुरधाम, १ चैतः भेडा तथा बाख्रामा लाग्ने पिपिआर रोग र ोकथामका लागि मधेस प्रदेशमा सात लाख ९२ हजार भेडा तथा बाख्रामा खोप लगाउने लक्ष्यसहित सप्ताहव्यापी अभियान सुरु गरिएको छ ।बिहीबार धनुषाको हंशपुर नगर पालिका-३ मलहनियामा आयोजित एक कार्यक्रमका बीच मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोबिन्दबहादुर न्यौपानेले खोप अभियान शुभारम्भ गर्नुभयो । त्यस अवसरमा मन्त्री न्यौपानेले भेडापालनलाई व्यावसायिक बनाई किसानको दिगो जीविकोपार्जनमा सघाउ पुग्ने गरी सरकारले आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सो व्यवसायलाई विविधिकरण गरी भेडाबाट मासु र राडिपाखी बनाउने उद्योग सञ्चालन गर्ने सोचसहित अगाडि बढ्ने किसानलाई सरकारको सहयोग रहनेसमेत बताउनुभयो । “जलवायु परिवर्तन, युवाहरूको पलायन र आधुनिक प्रविधिको अभावमा विशेषगरी भेडापालन व्यवसाय लोपोन्मुख अवस्थामा छ । त्यसको जगर्नेका लागि किसानहरू जागरुक भएमा आर्थिक तथा प्राविधक सहयोग गर्न सर कार तयार छ। यसमा तीनै तहका सरकारले समन्वय गरेर कार्यक्रम अगाडि बढाउन सकिन्छ”, मन्त्री न्यौपानेले भन्नुभयो ।

त्यस्तै हंशपुर नगर पालिका प्रमुख प्रदीपकुमार यादवले स्थानीय किसानका समस्या समाधान गर्न नगरपालिकाले प्रदेश सरकारसँग मिलेर काम गर्ने बताउनुभयो । उहाँले भेडा तथा बाख्रापालनजस्तो पुर्ख्यौली पेसामा लागेका किसानलाई प्रोत्साहनका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा विशेष व्यवस्था गर्नेसमेत आश्वासन दिनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा शरणकुमार पाण्डेले मधेस प्रदेशका आठ जिल्लाका सात लाख ९२ हजार भेडा तथा बाख्रामा खोपलगाउने लक्ष्यसहित अभियान सुरु गरिएको बताउनुभयो । डा पाण्डेले मधेसका जिल्लामा ‘किसान पहिले’ भन्ने नीतिका साथ किसानको आवश्यकता पहिचान गरी अरु कार्यक्रम पनि अगाडि बढाउने तयारी भइरहेको र पहिलो चरणमा भेडा तथा बाख्रामा रोग नियन्त्रण गर्न खोप अभियान सुरु भएको जानकारी दिनुभयो ।

कार्यक्रममा भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका प्रमुख डा सञ्जीवकुमार ठाकुरले अभियानका क्रममा धनुषाका १८ वटै स्थानीय तहका

. . . . **बाँकी पेज नं. ३ मा**

# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/१२/०२)**

यस करैयामाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपूर्ति गर्नका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माँग बमोजिम विवरण र राजस्व बुझाएको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | तह | माँग संख्या | आवश्यक न्यूनतम शैक्षिक योगयता |
|---|---|---|---|---|
| ०१/०८०/०८१ | सव-ईन्जिनियर | सहायक पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण भएको। |
| ०२/०८०/०८१ | अ.हे.ब. | सहायक चौथौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अ.हे.ब. वा सि.एम.ए. कोर्स उतीर्ण गरी काउन्सिलमा दर्ता भएको। |
| ०३/०८०/०८१ | अ.न.मी. | सहायक चौथौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अ.न.मी. कोर्स उतीर्ण गरी काउन्सिलमा दर्ता भएको। |

**१.दरखास्त दिने स्थानः-** करैयामाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, करैया, बारा।

२. **दरखास्त दिने अन्तिम मितिः** - २०८०/११/१६ गते कार्यालय समय भित्र। अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट।

**३. उमेरको हदः-**

क. सव-ईन्जिनियर पदको लागि १८ वर्ष पूरा भईपुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको

ख. स्वास्थ्य तर्फ पदका लागि १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको।

**४.आवेदन दस्तुरः-**

क. सव-ईन्जिनियर पदको लागि रु.७००/-(सात सय मात्र)

ख. अ.हे.ब./अ.न.मी. पदको लागि रु.५००/-(पाँच सय मात्र)

**५. आवदेन साथ संलग्न कागजातहरुः**आवेदक स्वमंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरु प्रतिलिपिहरु

| | |
|---|---|
| क. नागरिकता | ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण पत्र |
| ग. चारित्रिक प्रमाण पत्र | घ. कामसँग सम्बन्धीत अनुभव भए सोको कागजात |
| ङ. २ प्रति पासपोर्ट साइजको फोटो | |

**६. छनोटको किसिमः-** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित तथा अन्तर्वार्ता परिक्षा।

**७.सेवा सुविधाः-**करैयामाई गाउँपालिकाले तोके बमोजिम।

८. आवेदनको ढाँचा र सम्बन्धीत पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारीको लागि यस कार्यालयको वेबसाईट https://karaiyamaimun.gov.np बाट प्राप्त गर्न सकिने छ। थप जानकारीको लागि सम्पर्क नं.९८५५०४८९८०

**प्रमुख प्रशासकीय अधिकृत**